# गढवा गाउँपालिका

# तेस्रो गाउँ सभाद्धारा स्वीकृत

# आ.व. २०७५/०७६ को

# नीति तथा कार्यक्रम

## १० असार २०७५

निर्णय नं. १

नेपालको संविधान, स्थानीय शासन संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, बजेट तर्जुमा दिग्दर्शन २०७४, वडा बाट प्राप्त भएका योजनाका माग तथा सुझाव, विभिन्न विषयगत समितिको सिफारिस, बजेट तथा तर्जूमा समितिको सिफारिस तथा १ वर्षको अनुभवका आधारमा निम्न चुनौति, नीति तथा कार्यक्रम तेस्रो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

१. चुनौतिहरू :-

- सवैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता कायम गर्ने ।
- सार्वजनिक निर्माणको समयवद्धता र गुणस्तरीयता कायम गर्ने ।
- श्रोत र साधानको समुचित कार्यान्वियन मार्फत स्थानीय तहको पूर्ण कार्यान्वियनको क्षमता वृद्धि गर्ने ।
- स्थानीय उत्पादनमा आधारित स्थानीय अर्थ तन्त्रको सवलीकरण गर्ने ।
- सेवा प्रवाह लाई सर्व सुलभ र नागरिकमैत्री तुल्याउने ।
- व्यवस्थित, सुरक्षित तथा सुन्दर बस्तीयुक्त गाउँ निर्माण गर्ने ।
- विकास आयोजनाहरूमा जनताको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने ।
- विकासका पूर्वाधारहरू विस्तार र पहुँच वस्ती स्तर सम्म पुऱ्याउने ।
- समृद्ध, समुन्नत र हरियाली गाउँपालिकाको रूपमा विकास गर्ने ।
- विधिको शासन स्थापित गर्ने ।

२. प्रस्तावित नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू :-

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- स्थानीय तहको वजेट तर्जुमा दिग्दर्शन, २०७४,
- प्रदेशको अन्तर सरकारी वित्त व्यवस्थापन, २०७५,
- अर्थ मन्त्रालयबाट प्राप्त बजेट सिलिङ र मार्गदर्शन, २०७५,
- प्रदेश आर्थिक मामीला तथा योजना मन्त्रालयबाट प्राप्त सिलिङ तथा मार्गदर्शन, २०७५
- गढवा गाउँ कार्यपालिकाको कार्य विभाजन नियमावली ,२०७४,

- गढवा गाउँ कार्यपालिकाको कार्य सम्पादन नियमावली, २०७४,
- चौधौ त्रिवर्षिय योजना, (२०७३ देखि २०७६),
- वडास्तरबाट प्राथामिकिकरण भई आएका योजना तथा कार्यक्रमहरू,
- विभिन्न क्षेत्र, संस्था र व्यक्तिबाट प्राप्त राय, सुझाव तथा परामर्श ।

## ३. प्रमुख नीति तथा कार्यक्रमहरू :-

### ३.१ योजना तथा पूर्वाधार :-

- ✓ गाउँपालिकाको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकास लक्ष्यहरू सहितको वृहत गुरूयोजना निर्माण कार्य सम्पन्न गरिनेछ ।
- ✓ पूर्वाधार तर्फ वडा र गाउँपालिका स्तरमा गौरवका आयोजनाको रूपामा कम्तीमा १/१ वटा योजना संचालनमा ल्याईनेछ ।
- ✓ ल्याण्डफील साईट निर्माण र बसपार्क व्यवस्थापन सम्वन्धमा विस्तृत अध्ययन गरी फोहोर मैला व्यवस्थापन तथा यातायात व्यवस्थापन कार्य सुचारू गरिनेछ ।
- ✓ कोईलाबास भन्सार नाका संचालनका लागि नेपाल सरकार सँगको समन्वयबाट गढवालाई व्यापारीक केन्द्रका रूपमा विकास गरिने छ ।
- ✓ बाटोको मापदण्डलाई व्यवस्थित र वैज्ञानिक तुल्याई स्थानीय यातायत भाडा दर तथा स्थानीय दर-रेटलाई परिमार्जन गरिनेछ ।
- ✓ संचारको पूर्ण विकासका लागि कोइलाबास, खवरी, कालाकाटे, चिमचिमे, जमुनिबास, लगायतका क्षेत्रहरू मा NTC/NCELL टावर निर्माणको पहललाई निरन्तरता दिईनेछ ।
- ✓ सिचाईको पहुचँ अभिवृद्धि गर्दै कृषिमा आधारित स्थानीय अर्थतन्त्र सवलीकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

- ✓ गढवा क्षेत्रमा आयोजना हुने विभिन्न वृहत कार्यक्रमहरूको सु-संचालन र व्यवस्थापनका लागि आ.व. २०७५।०७६ देखि विस्तृत डिपिआर तयार गरी आधुनिक, बहुउदेश्यीय हल निर्माण कार्य प्रारम्भ गरिनेछ ।

## ३.२.सेवा प्रवाह, सुशासन र संस्थागत विकास :-

- ✓ गा.पा को प्रशासकीय भवन, वडा कार्यालय भवन निर्माण तथा संचार, विधुत आदिको पहुँच सवै वडा तहमा विस्तार गरी उचित कार्य वातावरणमा मुस्कान सहितको सेवा प्रवाहमा जोड दिईनेछ ।
- ✓ "सेवा प्रवाह र सुशासनः उत्प्रेरित जनशक्ति उच्च उत्पादकत्व" भन्ने नाराका साथ सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्न क्षमता अभिवृद्धि कार्य र कार्य सम्पादन कर्मचारी प्रोत्साहन कोष स्थापना गरी प्रतिस्प्रधात्मक कार्य वातावरण को सृजना गरिनेछ ।
- ✓ विद्युतीय हाजिरी , विद्युतीय नागरिक वडा- पत्र, मोवाईल SMS प्रणाली, नागरिक SMS प्रणाली र उच्च क्षमताको नेट जडान गरी सूचना प्रविधि मैत्री गाउँपालिका निर्माणमा निरन्तरता दिईनेछ ।
- ✓ पारदर्शिता र जवाहदेहिता प्रर्वद्धन गर्न सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, जस्ता विधि उपयोग गर्दै वित्तीय अनुशासन कायम गरिनेछ ।
- ✓ टोल विकास संस्था गठन गरी जननिर्वाचित स्थानीय तहको भरपर्दो विकास अभियानको रूपमा परिचालन गरिनेछ ।
- ✓ गाउँपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरूमा छिटो छरितो र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा प्रणालीको बिकास गर्दै लगिनेछ ।

### ३.३ खानेपानी तथा सरसफाई तर्फ :-

- सबैमा स्वच्छ खानेपानीको पहुँचका लागि पूर्ण सरसफाईको अभियान सहित खानेपानी र सरसफाईलाई प्राथमिकता दिईने छ ।
- सार्वजनिक शौचालय, पर्यटकीय स्थल, पिकनिक पार्कहरू, धार्मिक क्षेत्रहरूको पूर्ण सरसफाई क्षेत्रको रूपमा विस्तार गरिनेछ ।
- घरेलु फोहर व्यवस्थापनको लागि जनचेतनामूलक कार्यक्रमहरू तर्जुमा गरी "मेरो फोहर मेरो कर्तव्य" सँगै शुन्य फोहरको अवधारणा कार्यान्वयनमा ल्याईने छ ।
- आ.व. २०७५।०७६ साल सम्म कोइलाबासमा खानेपानीको व्यवस्था मिलाईनेछ ।

### ३.४ सिचाई तथा नदी नियन्त्रण :-

- ❖ गढवा गा.पा क्षेत्रमा सम्पुर्ण नदी तथा खोलाहरूमा मझौला तथा ठुला तटवन्धन कार्य का लागि नेपाल सरकार अन्तर्गतको आयोजनाहरूमा पहल गरी व्यवस्थित तटवन्धनको माध्यम बाट जल तथा सौन्दर्य पर्यटन लाई समेत जोड दिईनेछ ।
- ❖ निर्माणधिन बड्कापथ सिंचाई आयोजनालाई कार्यक्षेत्र विस्तार सहित केन्द्रिय आयोजनाका रूपमा विकास गर्न पहल गरिनेछ ।

### ३.५.कृषि तथा पशुपालनः-

- स्थानीय भू -उपयोग योजनाले पहिचान गरेको कृषि उत्पादन क्षेत्रमा विशेष कार्यक्रम संचालन गरी निर्वाहमुखि कृषि प्रणालीलाई विस्थापित गर्दै व्यावसायिक कृषि प्रणाली का माध्यमबाट कृषकलाई प्रोत्साहन गरिनेछ ।
- यस गा.पा. लाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउदै दुग्धजन्य उद्योग स्थापना, संचालन र व्यवस्थापनका माध्यम बाट स्थानीय रोजगारी श्रृजना र निर्यात वृद्धि नीतिको अवलम्वन गरिने छ ।
- शीत भण्डार को व्यवस्थापन गर्दै कृषि उपजको सुरक्षा उच्च मूल्य प्राप्ती को नीति अवलम्वन गरिने छ ।
- कृषि योग्य जमिन को अव्यवस्थित तथा गैर कानूनी खण्डीकरण लाई वन्देज गरिने छ ।
- कृषि योग्य जमीन लाई बाँझो राख्न नपाईने व्यवस्था गरिने छ ।

- कृषि तथा पशु विमा लाई प्रोत्साहित गरिने छ ।
- कृषिमा सहकारिता लाई प्रोत्साहित गरिने छ ।
- अर्गानिक, रेशम खेती तथा माछा पालनलाई प्रोत्साहन गर्दै लगिने छ ।
- विकास साझेदारहरूको सहकार्यमा गाउँपालिकाको खाद्य सुरक्षा योजना तयार गरिने छ ।

## ३.६ व्यवस्थित बसोवास र भवन निर्माण :

- गाउँपालिकाको भू-उपयोग योजना तथा भवन निर्माण मापदण्डले तोकेको स्थानहरूमा निर्धारीत मापदण्ड कार्यान्वयन गरी व्यवस्थित र सुन्दर बस्ती निर्माणको नीति लिईनेछ ।
- यस गा.पा क्षेत्रमा बर्षौ देखि बसोबास गरेका तर स्वामित्व नपाएका व्यक्ति तथा सामुदायिक संघ संस्थाको लगत लिने र स्वामित्व हस्तान्तरण गर्न का निमित्त १ कार्यदल बनाई पहल गरिनेछ ।
- श्रेष्ता अनुसारको फिल्ड र फिल्ड अनुसार को श्रेष्ता नभएका जग्गाहरू पुन : नापी गर्न पहल गरिनेछ ।
- डकर्मीहरूलाई तालिम को व्यवस्था गरि सुरक्षित भवन निर्माण गर्न तालिम प्राप्त डकर्मीहरूबाट मात्र भवन निर्माण गराउने नीति अवलम्वन गरिनेछ ।
- भवन निर्माण संहिता र भवन निर्माण मापदण्डको बारेमा व्यापक जनचेतना को कार्यक्रम तर्जुमा गरिनेछ ।
- गा.पा. भित्रको सार्वजनिक एवम खुल्ला क्षेत्र पहिचान गरी संरक्षणको निति लिईनेछ ।
- अग्नि जन्य जोखिम न्यूनिकरण गर्न दमकलको व्यवस्थापन गर्दै गा.पा. भित्रको विपन्न घर परिवारको खरको छाना विस्तापित गरी जस्ताको छाना राख्ने निति अवलम्बन गरिनेछ ।

## ३.७ संस्कृति तथा पर्यटन :

- गा.पा क्षेत्रमा रहेको ऐतिहासिक, संस्कृतिक धार्मिक सम्पदाको संरक्षण गरि पर्यटन प्रर्वद्धन गरिनेछ ।
- धामिर्क तथा पर्यटकिय हिसाबले महत्वपूर्ण यस क्षेत्रका ऐतिहासिक साँस्कृतिक महत्वमा पहिचान र संरक्षणमा विकास गर्न त्यस्ता स्थानहरूको संरक्षण प्रर्वद्धनको नीति लिईनेछ ।
- मठ मन्दिर, मरूवा, ड्यूहार, कोटिया थान, मस्जिद, गुम्बा, चर्च साथसाथै सिमसार क्षेत्र तथा तालतलैयाहरूको संरक्षण तथा सम्बर्धन गरिनेछ ।
- यस गा.पा. क्षेत्र भित्र रमणीय चुरेका काख तथा निर्माण हुने हरित सडकको आसपास उच्च गुणस्तरीय होटल तथा रिसोर्ट निर्माणकोलागि नीजि लगानीकर्ताहरूलाई प्रोत्साहन गरिनेछ ।
- गा.पा. स्थित संग्रहालयलाई व्यवस्थित गरिनुका साथै गा.पा. को वर्मबाबाथान, बाघनाथ बाबा जंगल कुटी, कोटिया मन्दिर, कोइलाबासको जानकी मन्दिर, साइ मन्दिर र थारू संग्रालय निर्माण प्रवर्द्धधनको निति अवलम्बन गरिनेछ ।

## ३.८ वन तथा वतावरण :

- जीविकोर्पाजनको लागि वनको अवधारणालाई सार्थक तुल्याउन यस क्षेत्रमा रहेका सामुदायिक साझेदारी, धार्मिक र कवुलियती वनको वैज्ञानिक व्यवस्थापन र नियमनमा जोड दिईनेछ ।
- हरीयाली तथा वातावरण मैत्री विकासलाई निरन्तरता दिन थप नयाँ २ सहित ४ बाल उद्यान तथा हरियाली सडक प्रवर्द्धन कार्यलाई अगाडी वढाईनेछ ।
- गा.पा.का मुख्य सडक र बजार केन्द्रमा सौर्य सडक वत्ती तथा सीसी क्यामरा जडान गरी सुरक्षा र सौन्दर्य प्रवर्द्धन गरिने छ ।

## ३.९ शिक्षा :

- शिक्षा सम्बन्धी गाउँपालिकाको नीति तर्जुमा गरी नीति कार्यान्वयनका लागि कुल बजेटको कम्तिमा २० प्रतिशत रकम विनियोजन गरिनेछ ।
- सामुदायिक संस्थागत विद्यालयमा स्वास्थ प्रतिस्पर्धालाई विद्यालय भर्ना गर्न र ड्रपआउट लाई घटाउन एउटै पाठ्यक्रम र  विपन्नलाई प्रोत्साहन गरिने छ ।

- ❖ उच्च शिक्षाको पहुचलाई सहज वनाउन संचालित क्याम्पसहरूको उन्नयनको व्यवस्था मिलाईनेछ ।
- ❖ गाउँपालिका भित्र प्राविधिक धारतर्फ कम्तीमा ३ विधामा माध्यमिक तह सञ्चालन गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयहरूको विद्यार्थी संख्या, शैक्षिक गुणस्तर तथा भौगोलिक आवश्यकता अनुसार एक आपसमा मर्ज गरी स्थानीय करार शिक्षक तथा कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- ❖ विद्यालय क्षेत्रलाई बालमैत्री तथा शान्ति सवै प्रकारका विभेदमुक्त क्षेत्रको रूपमा विकास गरी  छात्रवृत्ति र पोषण कार्यक्रमलाई प्राथामिकता दिईनेछ ।
- ❖ शिक्षक र प्रधानाध्यापक, प्रधानाध्यापक र वि.व्य.स. र गाउँपालिका विच कार्य सम्पादन सम्झौता गरिनेछ ।

## ३.१० स्वास्थ्य तर्फ :-

- ➢ स्वास्थ्य सम्बन्धि मौलिक हकका कार्यान्वियनका लागि स्वास्थ्य संस्थाहरूमा सवलिकरण, क्षमता अभिवृद्धि, स्तरोन्नती गर्दै गढवा स्वास्थ्य चौकी लाई कम्तिमा एम.वि.वि.एस डक्टर सहितको अस्पताल बनाउने नीति लिईनेछ ।
- ➢ स्वास्थ्य तथा जनसंख्या मंत्रालयको समन्वयमा प्रत्येक वडामा स्वास्थ्य चौकी तथा पिछडीएको क्षेत्रहरूमा सामुदायिक स्वास्थ्य इकाई स्थापनाको नीति अवलम्वन गरिनेछ ।
- ➢ महिला स्वास्थ्य स्वयंसेविका, आमा समुहहरूलाई थप जिम्मेवार र उत्तरदायी बनाउन प्रोत्साहन को नीति लिइनेछ ।
- ➢ गा.पा. का सवै बस्तीहरूमा एम्बुलेन्स सेवा संचालनको व्यवस्था मिलाईने छ ।
- ➢ आयुर्वेद तथा प्राकृतिक चिकित्सा पद्धती, जीवन पद्धतीको रूपमा अंगाल्दै योग शिक्षालाई विस्तार गरिनेछ ।
- ➢ सर्पदंस, रेविज खोप तथा छाडा कुकुर बन्ध्याकरण, छाडा चौपाया नियन्त्रण जस्ता कार्यलाई व्यवस्थित गरिनेछ ।

- आखा उपचारलाई निःशुल्क गर्दै स्वास्थ्य विमा कार्यक्रमलाई प्रारम्भ गरिने छ ।
- गा.पा. बाट दिदै आएको सुत्केरी पोषण भत्तालाई निरन्तरता दिदै गा.पा. क्षेत्र भित्र निःशुल्क एम्बुलेन्स सेवा विस्तार गरिनेछ ।

## ३.११ बालबालिका, यूवा तथा खेलकुद

- गढवा क्षेत्रलाई पहिचान दिन सक्ने व्यवस्थित र अधुनिक खेलकुद मैदानको निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- अध्यक्ष गोल्ड कप खुल्ला प्रतियोगितालाई निरन्तरता दिईनेछ ।
- रोजगारी श्रृजनाका लागि यूवा उद्योगी तथा व्यवसायीहरूलाई प्रोत्साहित गरिनेछ ।
- बालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बनको निरन्तरता दिदै वडा नं. ३ र ६ सहित सवै वडाहरूलाई बालमैत्री वडा घोषणा गरिने छ ।
- बालमैत्री अभियानका लागि कम्तीमा १५ प्रतिशत रकम विनियोजन गरिने छ ।
- बालमैत्री घोषणा हुन सफल वडा हरूलाई पुरस्कार स्वरूप थप रू.५ लाख अनुदान उपलब्ध गराइने छ ।

## ३.१२ महिला तथा सामाजिक समावेशीकरण :

- एकल महिला, वेरोजगार महिला, अति विपन्न आदिवासी जनजाति, अल्पसंख्यक, मधेशी ,मुस्लिम, पिछडिएका महिलाहरूको लैगिंक हिंसाबाट पिडित महिलालाई रोजगार मूलक तालिमको व्यवस्था गरिनेछ ।
- सबै प्रकारका घरेलु हिंसाबाट महिलाहरूलाई न्याय दिलाईनेछ ।
- आदिवासी जनजाति, अल्पसंख्यक, मधेशी, मुस्लिम पिछडा वर्ग आदिका लागि पर्वद्धन कार्यक्रम मार्फत प्रोत्साहित गरिनेछ ।
- कम्लरी, हलिया तथा कमैया प्रथालाई निशेधित गरिनेछ साथै बाल श्रम, बालविवाह र बहुविवाह लाई निरूत्साहित गर्ने नीति लिईनेछ ।

## ३.१३ विद्युत

- सौर्य, जल तथा वायु उर्जाका माध्यमबाट आगामी २ वर्ष भित्र सम्पुर्ण घर धुरीमा विद्युतिकरण पुऱ्याउन "उज्यालो गढवा कार्यक्रम" सञ्चालनमा ल्याईनेछ ।
- बिद्युत क्षेत्रको समग्र समस्याहरूलाई एकीकृत रूपमा समाधान गर्ने गरी गा.पा. क्षेत्रमा बिद्युतको सब-स्टेशन निर्माण, क्षमता विकास र महशुल काउन्टर संचालनको पहल गरिनेछ ।

## ३.१४ अर्थ तथा राजश्व

- "हाम्रो कर हाम्रै लागि" भन्ने अभिप्रायका साथ यस गाउँपालिका को समृद्धि र अति आवश्यक सेवा प्रवाहका लागि श्रोत जुटाउन आधारभूत करका दर हरूलाई न्यून गर्दै नैसर्गिक अधिकार नागरिकता प्राप्तिको सिफारिस लाई निःशुल्क गरी प्रगतिशिल करको दायरा बढाउदै श्रोतको उच्चतम संकलन र परिचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वियन गर्ने करदाता शिक्षा अभियान संचालनमा ल्याई उत्कृष्ट करदाताहरूलाई सम्मानको नीति अवलम्वन गरिनेछ ।
- एकिकृत सम्पत्ति कर कार्यान्वियन गर्न स्वयं कर घोषणा प्रणालीलाई अवलम्वन गरिनेछ ।
- आर्थिक विकासको मेरूदण्डको रूपमा रहेको निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारी (P.P.P) को अवधारणालाई कार्यान्वियनमा ल्याईनेछ ।

## ३.१५ विविध

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई अझै सहज र प्रभावकारी बनाउँन बैंकिङ्ग प्रणालीमा लगिनेछ ।
- लक्षित कार्यक्रमहरू परिणाममुखी तवरले सघनरूपमा सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन गर्दै कम्तीमा २ वडा लाई आ.व.२०७५।०७६ मा बालमैत्री वडा घोषणा गरिनेछ ।
- समाजमा सकारात्मक सोंचको बिकास गरी शान्ती र अमनचैन, नेतृत्व तथा व्यक्तित्व विकासकालागि योग, ध्यान जस्ता कार्यक्रमहरूको संचालन गरिनेछ ।
- गैर सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारको रूपमा परिचालन तथा नियमन गरिनेछ ।
- यस गाउँपालिकामा रहेका जेष्ठ नागरिक लगायत सवैलाई निःशुल्क आँखा उपचार सेवाको व्यवस्था गरिनेछ ।
- यस गा.पाको सुरक्षा व्यवस्थालाई व्यवस्थित गर्न नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- गढवा क्षेत्र भित्र बसपार्क निर्माण तथा नगरबस संचालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

सभासद्, ज्यूहरू,

"शिक्षा, कृषि र पूर्वाधार : सम्बृद्धिको आधार" भन्ने नारालाई साकार पार्नका लागि माथिका नीति तथा कार्यक्रमहरू खम्बाको रूपमा रहनेछन् । नीति तथा कार्यक्रमको सफल कार्यान्वियन गाउँपालिकाबाट मात्र सम्भव नहुने हुनाले यहाँ उपस्थित सभा सदस्य ज्यूहरू, कृयाशील राजनीतिक पार्टी, सरकारी निकायहरू, गैर सरकारी संस्थाहरू, संपूर्ण सामाजिक संघ-संस्थाहरू, नागरिक समाज ,संचारकर्मी , कर्मचारी सहित सम्पूर्ण गढवा गाउँपालिकाबासी हरूको रचनात्मक एवं सक्रीय सहयोगको अपेक्षा गरिएको छ ।

धन्यवाद ! नमस्कार !!

प्रस्तुतकर्ता
सहजराम अहिर
अध्यक्ष
गढवा गाउँपालिका
गढवा, देउखुरी ,दाङ्ग ।

संवत् २०७५ साल असार १० गते आइतबार

प्रमाणिकरण गर्ने पदाधिकारी

अध्यक्ष श्री सहजराम अहिर

मिति :- २०७५।०३।१५